# भक्तपुर जिल्ला अदालतवाट जारी भएको

## मोटरसाईकलहरु लिलाम विक्री गर्ने सम्वन्धी दोश्रो पटकको जरुरी सूचना

सूचना प्रकाशन मिति २०७९।१०।१२

प्रस्तुत विषयमा यस अदालतमा विभिन्न मुद्दाहरुमा अभियोग पत्रसाथ दशीको रुपमा दाखिल हुन आई जिन्सीमा आम्दानी वाँधिएका तपसिल वमोजिमका मोटरसाईकल तथा स्कूटरहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली २०७५ को नियम ९२(९) तथा आर्थिक नियम समेत वमोजिम मिति २०७८।१०।२१ को निर्णय वमोजिम मिति २०७९।०८।२३ गतेको मूल्यांकन समितिको निर्णय अनुसार न्युनतम एकमुष्ट मुल्य रु.२०,९५,०००।– (वीस लाख पन्चानव्वे हजार रुपैया) कायम गरी मिति २०७९।१०।१० मा लिलाम वढावढका लागि यस अदालतवाट सूचना प्रकाशित भएकोमा सो मितिको लिलाम वढावढका लागि वोलपत्र खरिद गर्न कोही कसैको निवेदन पेश हुन नआएकोले लिलाम सकार हुन नसकेको हुँदा देहायका शर्तहरुको अधिनमा रही गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट एकमुष्ट लिलाम विक्री गर्ने वेहोरा सम्वन्धित सवैको लागि पुन: दोश्रो पटक यो सूचना प्रकाशित गरिएको छ।

अविधान सापकोटा

तहसिलदार

**तपसिल**

| क्र.सं. | जिन्सि नं. | वादी/प्रतिवादीको नाम | मुद्दा नं. | मुद्दा | सवारी नम्वर | मोडेल | मो.सा. चेसिस नं. | ईन्जिन नं. | उत्पादन बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४६९/५३५ | नेपाल सरकार/सुमन कु.कार्की | ०७४-cr-००३८ | ला.औ. | १.वा.४०.प.७५५८ | DIO | ME4J118DA804292 | JF11E4024289 | 2010 | रु.२५,०००।- |
| २ | ५७७/६४२ | नेपाल सरकार/विवेक भन्ने वाङदेम तामाङ | ०७५-c१-०१११ | संगठित अपराध | १.वा.९४.प.१३१६ | PULSAR 220 | MD2A13EY9HCD07384 | DKYCHD37299 | 2018 | रु.१,५५,०००।- |
| ३ | ५९२/६५७ | नेपाल सरकार/अभिनाष तामाङ दोङ | ०७५-c१-०१५७ | | ८.वा.६८.प८८९८ | SUZUKI | MB8CF4CBBF8171791 | F4862709633 | 2015 | रु.५५,०००।- |
| ४ | ६४४/७०७ | नेपाल सरकार/मिलन | ०७६-c१- | डाका | १.ना.प.१०६५ | YAMAHA R15 | ME1RG5219J0036386 | G3K5E0037007 | 2018 | रु.२,२०,०००। |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | भन्ने धन व.योन्जन | ००१८ | | | | | | - |
| ५ | ६९९/७६२ | नेपाल सरकार/आशिष थापा | ०७६-c१-०१९३ | अ.श.वे. | १.वा.९६.प.६६२० | PULSAR 200 | MD2A36FY9JCB36717 | JLYCJB34492 | 2018 | रु.१,५५,०००।- |
| ६ | ७१४/७७७ | नेपाल सरकार/देवी वहादुर गुरुङ समेत | ०७६-cl-०२२० | | १.प्रदेश ३-०२-००१प २८३६ | UNICORN | ME4KC209KJ8038390 | KC20E81063759 | 2018 | रु.१,३५,०००।- |
| ७ | ७३६/७९९ | नेपाल सरकार/च्याङ्वा भन्ने रामकृष्ण तामाङ | ०७७-cl-००६३ | | १.प्रदेश ३-०२-०१० प ९४३८ | PULSAR 220 | MD2A13EY7KCD85573 | DKYCKD69718 | 2019 | रु.१,९०,०००।- |
| ८ | ७३८/८०१ | नेपाल सरकार/प्रेम तामाङ समेत | ०७७-cl-००७४ | क.ज्या. | १.वा.९६.प.७११४ | PULSAR 200 | MD2A36FYXJCC40715 | JLYCJC83865 | 2018 | रु.१,५५,०००।- |
| ९ | ७४०/०८०३ | नेपाल सरकार/अरुण लामा समेत | ०७७-cl-००८० | डाका चोरी | १.प्रदेश ०२-०१८ प.४७४१ | PULSAR 220 | MD2A13EX6LCE80957 | DKXCLE26304 | 2020 | रु.२,२०,०००।- |
| १० | ७५९/८२१ | नेपाल सरकार/भिमसेन खड्का समेत | ०७७-cl-०१३८ | चोरी | १.परिवर्तित प्रदेश ३-०२-०१५ प. १७७३ नं वास्तविक प्रदेश ३-०२-०१४प ०३३९ | PULSAR 220 | MD2A13EY8KCG92122 | DKYCKG94640 | 2020 | रु.२,२०,०००।- |
| ११ | ७९४/८५६ | नेपाल सरकार/दिपेन्द्र भुजेल समेत | ०७८-cl-००३६ | चोरी | १.परिवर्तित नं.प्लेट वा ९५ प.४१६८ | PULSAR 150 | MD2A11CY2JRC19867 | DHYRJC93941 | 2018 | रु.१,३५,०००।- |
| १२ | ७९८/८६० | नेपाल सरकार/अमित थामी | ०७८-cl-००३६ | चोरी | १ परिवर्तित नं.प्लेट प्रदेश ३-०२-०२२ प २५७० वास्तविक.प्रदेश ३-०२-०११ प ४८०८ | PULSAR 150 | MD2A11CY4KPE27407 | DHYRKD55840 | 2020 | रु.२,०५,०००।- |
| १३ | ८१२/८७४ | नेपाल सरकार/कंचन ढकाल | ०७७-cl-०१९२ | चोरी | वास्तविक ०३-०२-००३ प ८२१९ प्लेट परिवर्तित वा.८५.प.९०५४ | PULSAR 220 | MD2A13EYXJCH09940 | DKYCJH59442 | 2017 | रु.१,२५,०००।- |
| १४ | ८१५/८७७ | नेपाल सरकार/दिपेश सडौला समेत | ०७८-cl-०१३० | ला.औ. | १.वा.८३.प.५४९८ | PULSAR 220 | MD2A13EY2HCL12567 | DKYCHL90701 | 2016 | रु.१,००,०००।- |

**शर्तहरु,**

- **लिलाम विक्री गरिने मिति समय र स्थान---- मिति २०७९ साल माघ महिना १९ गते दिउसो २.०० वजे देखि ४.००वजेसम्म यस अदालतको तहसिल शाखामा र सो दिन सार्वजनिक विदा पर्न गए सोको भोलिपल्ट सोही समय र स्थानमा हुनेछ।**

- लिलाम हुने सामानको मुल्याङ्कन समितिद्वारा कायम भएको न्युनतम् एकमुष्ट मुल्य रु.२०,९५,०००।– (वीस लाख पन्चानब्बे हजार रुपैया) रहेको छ। उक्त सामानहरु फैसला तथा आदेशले फिर्ता पाउने भई लिलाम मिति सम्ममा फिर्ता भएमा फिर्ता भएका सामानहरुको मुल्य कटाई बाँकी समानहरु लिलाम हुनेछ।
- डाँक बढाबढमा सहभागी हुन चाहने व्यक्ती वा संस्था वा फर्मले वोलपत्र फारम रु.१०००।– (फिर्ता नहुने गरी) तिरी मिति २०७९।१०।१८ गते सम्म कार्यालय समयमा यस अदालतको तहसिल शाखावाट खरिद गर्न सकिने छ। वोलपत्र खरिद गर्न निवेदन दिने व्यक्ती भए नेपाली नागरिकताको प्रमाण पत्र , कुनै फर्म वा संस्था भए नविकरण सहितको संस्था वा फर्म दर्ताको प्रमाण पत्र र आ.व.०७८/७९ सम्मको कर चुक्ता गरेको प्रमाण लगायतका कागजातको प्रतिलिपी पेश गर्नु पर्ने छ। साथै बोलपत्र दाताले मिति २०७९।१०।१९ गते दिनको १ वजे सम्ममा सिलबन्दी बोलपत्र यस अदालतको तहसिल शाखामा दर्ता गराई सक्नु पर्ने छ। सो दिन सार्वजनिक विदा परेमा अदालत खुलेको पहिलो दिन सोही समयमा दर्ता गराई सक्नु पर्ने छ ।
- बोलपत्र साथ आफुले कवोल गरेको अंकको १० प्रतिशतले हुने रकम नेपाल बैंक लि. कमलविनायक, भक्तपुरमा कोष तथा लेखा नियन्त्रक कार्यालय भक्तपुरको धरौटी खाता नं. ०१९०१०००००२००३०००००१मा जम्मा गरेको सक्कल भौचर र यस अदालतको धरौटी रसिदको सक्कल सहितको शिलवन्दी फाराम पेश गर्नु पर्ने छ।
- सवैभन्दा वढी अंक कवोल गर्ने व्यक्ति , फर्म वा संस्थालाई लिलामका सामानहरु लिलाम सकार गराई निज व्यक्ति वा फर्मको वाहेक अन्यको धरौटी सोही दिन फिर्ता गरिनेछ ।
- सवै भन्दा वढी अंक कवुल गर्ने व्यक्ति , फर्म वा संस्थाले लिलाम भएको ७ (सात) दिनभित्र वाकि रकम र आफुले कवुल गरेको अंकको १३ प्रतिशतले हुने मुल्य अभिवृध्दी कर नेपाल बैंक लि. कमलविनायक, भक्तपुरमा कोष तथा लेखा नियन्त्रक कार्यालय भक्तपुरको धरौटी खाता नं. ०१९०१०००००२००३०००००१ मा भक्तपुर जिल्ला अदालतको नाउँमा जम्मा गरेको सक्कल भौचर र यस अदालतको धरौटी रसिदको सक्कल दाखिल गरी रकम दाखिल गरेको मितिले १५( पन्ध्र) दिन भित्र समान उठाई लैजानुपर्नेछ। डाक लिलाम भएको ७ (सात) दिन भित्र आफुले वोल कवोल गरे वमोजिमको वाकि रकम यस अदालतमा धरौटीमा जम्मा नगरे निजले दाखिल गरेको कवोलको अंकको दश प्रतिशतको रकम कानून वमोजिम जफत हुन्छ।

यस सम्वन्धी थप तथा विस्तृत जानकारी लिनुपरे कार्यालय समयभित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिनेछ।